पोखरा उपत्यका साइडसिन घुम्न जाउँ

घुमाउने ठाउँहरु

बेगनास–रुपा ताल, पचभैया बन्यजन्तु पार्क (चिडिया घर), पुम्दीकोट, स्तुपा, डेभिडफल, भ्यूटावर, चमेरे गुफा, विन्दवासिनी मन्दिर, माउन्टेन म्यूजियम लगायतका ठाउँहरु साथै मुक्तिनाथ जान आउनको लागि बसको सुबिधा ।

गाडी छुट्ने समय
बिहान ९:३० बजे



सम्पर्कः मानसरोबर टुर्स एण्ड ट्राभल्स
061-544439, 589012, 9856051659
9856034631, 9856082622



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रू. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरून्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २६ ❑ अङ्क ३५ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८१ फागुन ५ गते सोमबार ❑ 17 Feb. 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।–


## विश्वविद्यालयबाट उत्पादित जनशक्तिको स्वदेशमै उपयोग हुनुपर्छ : मुख्यमन्त्री पाण्डे

**पोखरापत्र संवाददाता**
पोखरा, ४ फागुन

गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराजपाण्डेलेविश्वविद्यालयबाट उत्पादित जनशक्तिको स्वदेशमै उपयोग गर्नुपर्ने बताउनुभएको छ । गण्डकी विश्वविद्यालयको पाँचौं वार्षिकोत्सव समारोहमा मुख्यमन्त्रीपाण्डेलेविश्वविद्यालयले वर्तमानको आवश्यकता अनुसारको पाठ्यक्रम निर्माण एवं पठनपाठनको व्यवस्था मिलाउनुपर्ने बताउनुभयो । अध्ययनकै लागि विदेशिने क्रम बढेको उल्लेख गर्दै उहाँले विश्वविद्यालयप्रति बढ्दो अविश्वासलाई दृष्टिगत गरी समयानुकूल व्यावसायिक र गुणस्तरीय शिक्षा दिनेतर्फ लाग्नुपर्ने आवश्यकता औँल्याउनुभयो ।

गण्डकी प्रदेशलाई आवश्यक जनशक्ति तयार गर्ने उद्देश्यका साथ प्रदेश सरकारले विश्वविद्यलाय स्थापना गरेकाले त्यहीअनुरुप विश्वविद्यलाय अघि बढ्नुपर्ने उहाँको भनाइ थियो ।

गण्डकी प्रदेशका समाजिक विकास, युवा तथा खेलकुदमन्त्री विन्दुकुमार थापाले विश्वविद्यालय अनुसन्धान एवं नवप्रवर्द्धनका क्षेत्रमा अघि बढेको बताउनुभयो । उहाँले प्रदेशको आवश्यकतालाई सम्बोधन हुने तवरबाट अघि बढ्नुपर्नेमा जोड दिनुभयो ।

ग ण्ड की प्रदेशका पूर्वमुख्यमन्त्री खगराज अधिकारीले समाज र राष्ट्रप्रति उत्तरदायी जनशक्ति निर्माण गर्नेतर्फ शैक्षिक संस्था लाग्नुपर्ने बताउनुभयो । विश्वविद्यालयका रजिष्टार डा कैलाश तिमिल्सिनाले स्थापनाको छोटो अवधिमा विश्वविद्यलायले महत्वपूर्ण उपलब्धि हासिल गर्दै अघि बढेको बताउनुभयो ।

## मन्त्री पौडेल र मेयर आचार्यको स्वास्थ्यमा सुधार, छानविन समिति गठन

**पोखरापत्र संवाददाता**
पोखरा, ४ फागुन



पोखरा भ्रमण वर्ष २०२५ को उद्घाटन समारोहमा भएको बेलुन विस्फोट हुँदा घाइते हुनु भएको नेपाल सरकारका उपप्रधान तथा अर्थमन्त्री बिष्णु प्रसाद पौडेल र पोखराका मेयर धनराज आचार्यको स्वास्थ्यमा क्रमिक सुधार हुदै आएको छ ।

कीर्तिपुरको कीर्तिपुर अस्पतालमा उहाँहरुको शनिबार देखि सघन उपचार कक्ष (आईसियू) मा उपचार हुदै आएको छ भने उहाँहरुको स्वास्थ्यमा समेत क्रमिक सुधार हुदै आएको अस्पताल श्रोतले जनाएको छ । मन्त्री पौडेल र मेयर आचार्यको अनुहारमा करिब ५ देखि ६ प्रतिशत जलन भएकोले श्वासनली र फोक्सोमा असर पर्न सक्ने भएकोले केही दिन उच्च निगरानीमा राखेर उपचार गर्नुपर्ने अबस्था रहेको उपचारमा संलग्न डा.बिशाल कार्कीले बताउनु भयो । यही अबस्थामा उहाँहरुको स्वास्थ्यमा सुधार आएको खण्डमा अबको केही दिनमै डिस्चार्ज गर्न सकिने उहाँले बताउनु भयो । उहाँहरुको उपचारमा प्रा.डा.वि.डी. झा, डा. प्रविन गिरी लगायतको सघन उपचार कक्षको टोली खटिनु भएको छ भने त्यसै गरी प्रा.डा. शंकरमान राई, डा. बिशाल कार्की, डा.मनिष यादव लगायतको टोली जलन विशेषज्ञहरुको उपचारमा लाग्नु भएको छ । त्यस्तै डा. प्रयुस अयौल लगायतको टोली आकस्मिक उपचारमा र रिना गौचन, निर्मला कुंवर, तृष्ण महर्जन लगायतका नर्सिङ टोली मन्त्री पौडेल र मेयर आचार्यको उपचारमा संलग्न हुनु भएको अस्पतालले जारी गरेको प्रेस विज्ञेप्तिमा उल्लेख गरिएको छ । यसैबिच प्रधानमन्त्री केपी शर्मा ओलीले आइतबार मन्त्री पौडेल र मेयर आचार्यलाई भेटघाट गर्दै स्वास्थ्य अबस्था बारे बुझ्नु भएको छ । उहाँहरुको उपचारमा बिषेश ध्यान दिन आग्रह गर्दै प्रधानमन्त्री ओलीले मन्त्री पौडेल र मेयर आचार्यको शिघ्र स्वास्थ्य लाभको कामना समेत गर्नुभयो ।

उक्त घटनाको बिषयमा सत्य तथ्य बाहिर ल्याउन र घटनाको बास्तविक बारे सार्वजनिक गर्न छानबिन गर्न आठ सदस्यीय समिति गठन भएको छ । नेपाल सरकार गृहमन्त्री रमेश लेखकले कास्कीका प्रमुख जिल्ला अधिकारी भरतमणि पाण्डेको संयोजकत्वमा आठ सदस्यीय छानबिन समिति गठन गरेका हुन् । समितिलाई १५ दिनभित्रमा छानबिन प्रतिवेदन पेस गर्ने कार्यादेश दिइएको छ ।

मन्त्रीस्तरीय निर्णयबाट गठित समितिमा पोखरा महानगरपालिकाकाप्रमुखप्रशासकीय अधिकृत शिवराज चौलागाई, कास्कीका प्रहरी प्रमुख प्रहरी उपरीक्षक श्यामबाबु ओलिया, सशस्त्र प्रहरीका २४ नम्बर गण बाहिनीका प्रमुख सूर्यप्रसाद तिमिल्सिना, राष्ट्रिय अनुसन्धान कास्की जिल्ला कार्यालयका उप अनुसन्धान निर्देशक सुरेशकुमार तिवारी सदस्य र कास्कीका सहायक प्रमुख जिल्ला अधिकारी गङ्गाबहादुर क्षेत्री सदस्य सचिव रहेको समिति गठन गरिएको हो । समितिमा एक जना विष्फोटक पदार्थ विज्ञ समेत सदस्यका रुपमा रहने व्यवस्था गरिएको छ । समारोहमा उद्घाटनको क्रममा बेलुन उडाउने क्रममा मन्त्री पौडेल र मेयर आचार्य संगै आतिसवाजी जस्तै झिलिमिलि बत्तिको झिल्कोले बेलुनमा आगो लागेसंगै एकै पटक

बाँकी अन्तिम पृष्ठमा ▶▶

## लोकतन्त्र नै न्यायपूर्ण समाजको आधारशीला र मौलिक अधिकारकोहरूको जीवनरेखा हो: राष्ट्रपति

**रासस**
काठमाडौं, ४ फागुन

राष्ट्रपति रामचन्द्र पौडेलले लोकतन्त्र नै न्यायपूर्ण समाजको आधारशीला र मौलिक अधिकारहरू यसको जीवनरेखा भएको बताउनुभएको छ ।

आइतबार यहाँ आयोजित पाँचौं 'ल एशिया' तथा अन्तरराष्ट्रिय मानव अधिकार सम्मेलनमा उहाँले यी अधिकारहरूले प्रत्येक व्यक्तिलाई मर्यादा, स्वतन्त्रता र समानताका साथ बाँच्ने अधिकार सुनिश्चित गर्ने बताउनुभयो । नेपालमा, लोकतन्त्रप्रतिको जनताको लामो समयदेखिको समर्पण र उत्सर्गले हामीलाई त्यस्तो समाज निर्माणका लागि हरेक दृष्टिबाट प्रेरित गरेको राष्ट्रपति पौडेलको भनाइ थियो ।

नेपालले लोकतन्त्र प्राप्तिका लागि लामो र कठिन यात्रा तय गरेको उल्लेख गर्नुभयो । राष्ट्रपति पौडेलले लोकतन्त्रको सङ्घर्षमा धेरै साहसी व्यक्तिहरूले अथक सङ्घर्ष गरेको बताउँदै यो सङ्घर्ष नेपालमा लोकतन्त्रको स्थापना पुनर्स्थापना हुँदै सङ्घीय लोकतान्त्रिक गणतन्त्रसम्म आइपुग्न महत्वपूर्ण रहेको उल्लेख गर्नुभयो । राष्ट्रपति पौडेलले भन्नुभयो, "यी प्रयासमार्फत नै हामीले मानव अधिकारको सम्मान गर्ने समाज निर्माण गर्न सक्षम भएका छौं । यसमा नेपालका कानुन व्यवसायीहरूको योगदान अविस्मरणीय छ । जहाँसुकै र जो कोही होस् कानुन व्यवसायीहरू विधिको शासनको पहरेदार हुन् र लोकतन्त्रको रक्षक हुन् भन्ने पनि मेरो ठम्याइ छ ।"

उहाँले कुनै पनि किसिमको यातनारहित स्वतन्त्रतापूर्वक बाँच्न पाउने हक, दासतामुक्त जीवन, रङ्गभेद, लिङ्गभेद, विचार तथा अभिव्यक्तिको स्वतत्रता, अनिवार्य रोजगारी र स्तरीय शिक्षा तथा स्वास्थ्य मानवलाई नभई नहुने अधिकार भएको बताउनुभयो । उहाँले भन्नुभयो, "लोकतन्त्रमा नागरिकका यी अधिकार राज्यबाट प्रत्याभूत भए, नभएको अनुगमन गर्ने र नभएको भए त्यसमा आवाज उठाउने व्यवसायिक धर्म पनि कानुन व्यवसायीको हो भन्ने मेरो बुझाइ छ ।" राष्ट्रपति पौडेलले लोकतन्त्रप्रति नेपालको प्रतिबद्धताले आफूहरूलाई विश्वव्यापी रूपमा मानव अधिकार र न्यायको वकालत गर्दै अन्तरराष्ट्रिय मञ्चमा समेत महत्वपूर्ण भूमिका खेल्न सक्षम बनाएको बताउनुभयो । राष्ट्रपति पौडेलले हिमालयको मुटुमा अवस्थित नेपाल प्राकृतिक सौन्दर्य र स्रोतसाधनले भरिपूर्ण देश नेपालमा पछिल्लो समय जलवायु परिवर्तनका कारण हाम्रा समुदायहरूमा गहिरो प्रभाव पर्न थालेको उल्लेख गर्दै जलवायु परिवर्तनका कारण नेपालमा प्राकृतिक प्रकोप, जैविक विविधताको क्षति र कृषिमा आधारित जीविकोपार्जनमा समेत खतराहरू बढ्दै गएको बताउनुभयो ।

उहाँले भन्नुभयो, "विकसित देशहरूको कार्यबाट उत्पन्न वातावरणीय ह्रासको परिणाम नेपालले भोगेको छ । हामी यी वातावरणीय प्रकोपका निर्दोष पीडित हौँ । यी अन्यायहरूलाई सम्बोधन गर्न र दिगो र समतामूलक भविष्यतर्फ काम गर्न हामीले ल एशिया र अन्तरराष्ट्रिय समुदायबाट समेत जलवायु न्यायका लागि एउटा सशक्त अभियानको अपेक्षा गरेका छौँ ।"


डिभिजन वन कार्यालय, कास्कीको अनुरोध

गर्मी याम र खडेरीको समयमा वन डढेलोका घटनाहरू हुने गर्दछन् । वनमा डढेलो लाग्न गयो भने त्यहाँ भएका वनस्पति, वन्यजन्तु तथा जैविक विविधताको अपुरणीय क्षति भई तापक्रम वृद्धि हुने र पर्यावरणमा समेत अपुरणीय क्षति पुग्दछ । जसबाट अन्ततः मानव अस्तित्वमा नै संकट पैदा हुन जान्छ त्यसैले

- वन जंगलमा डढेलो लाग्न नदिऔँ, लागि हालेमा जनसहभागिता जुटाई तुरुन्त निभाऔँ ।
- सलाई, लाइटर जस्ता प्रज्वलनशील वस्तु लिई वन प्रवेश नगरौँ/नगराऔँ ।
- वन जंगल तथा जोडिएका खेतबारीमा भएका झारपात झिंजाहरु लगायत ज्वलनशील पदार्थलाई संकलन गरी मलखाद बनाई कृषिमा आत्मनिर्भरता बढाऔँ ।
- वनमा आगोलागीको मौसम शुरु हुनु अगावै अग्नी रेखाको निर्माण गरौँ । अग्नी रेखा निर्माण भई सकेका क्षेत्रमा समयमै मर्मत र सरसफाई गरौँ ।
- वनमा डढेलो लगाउने जस्तो गम्भिर फौजदारी अपराध गर्ने व्यक्तिलाई कार बाहीका लागि नजिकको वन कार्यालय, सुरक्षा निकाय वा जिल्ला प्रशासन कार्यालयमा खबर गरौँ ।
- वनडढेलो रोकथाम, नियन्त्रण र व्यवस्थापन जस्तो पवित्र कार्यमा आ–आफ्नो ठाउँबाट जुटौँ र पुण्य कमाऔँ ।



वनमा आगो लगाउने कार्य कानुनत दण्डनीय अपराध हो । यस्तो कार्य गर्नेलाई वन ऐन २०७६ बमोजिम क्षति भएको बिगो असुल गरी साठी हजार रुपैयाँसम्म जरिवाना वा तीन वर्षसम्म कैद वा दुवै सजाय हुनेछ ।

सम्पर्कका लागि : ०६१–५७०१७१, ९८५६०३७५०७, ९८५६०८७५०७


## तेह्र लाख किशोरीलाई लगाइयो एचपिभी खोप


**रासस**
काठमाडौं, ४ फागुन

पाठेघरको मुखको क्यान्सरबाट बचाउने उद्देश्यले स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले सञ्चालन गरेको एचपिभी खोप अभियानबाट १३ लाख किशोरीले खोप प्राप्त गरेका छन् ।

अभियानको १२ औं दिन शनिबारसम्म १३ लाख किशोरीले खोप लिएका स्वास्थ्य सेवा विभागको परिवार कल्याण महाशाखा प्रमुख डा विवेककुमार लालले जानकारी दिनुभयो । स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री प्रदीप पौडेलले हालसम्म अभियानलाई सफल पार्न खट्ने सबै स्वास्थ्यकर्मीहरू, स्वयंसेवक, सहयोगी विद्यालयलगायत सबै सहयात्रीहरूलाई अनवरत मेहनतका गरेकामा धन्यवाद ज्ञापन गर्नुभएको छ । गत माघ २२ गते सुरु भएको अभियान

बाँकी अन्तिम पृष्ठमा ▶▶


सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# माछापुच्छ्रे गाउँपालिका-९, सिधिङमा गायिका समीक्षा अधिकारीलाई सम्मान

पोखरापत्र संवाददाता
पोखरा, ४ फागुन



सिधिङ युनाईटेड यूथ क्लबको आयोजनामा माघ ३० गते देखि सिधिङ खेलमैदानमा जारी साबिक वडा स्तरीय पुरुष भलिबल प्रतियोगिताको अवसरमा गायिका समीक्षा अधिकारीलाई शनिवार कार्यक्रमका बिच सम्मान गरिएको छ।

नेपाली गीत सङ्गीतको माध्यम बाट राष्ट्रिय अन्तर्राष्ट्रिय जगतमा आफ्नो अलग पहिचान बनाउन सफल माछापुच्छे गाउँपालिकाकी चेली,माछापुच्छे गाउँपालिकाको गौरव, युवा तथा संगीतप्रेमी हरुको ढुकढुकी बहुचर्चित गायिका अधिकारी सिधिङ कप विशेष सांस्कृतिक कार्यक्रममा प्रस्तुतिका लागि आएकी थिइन। अधिकारीलाई सानै उमेर,छोटो समयमा कलाकारिता क्षेत्रमा उच्च स्थान हासिल गर्न सफल एक अब्बल,निडर र साहसी कलाकारका रूपमा मुल्यङकल गर्दै सम्मान गरिएको माछापुच्छे गाउँपालिका वडा नं -९ ,का वडा अध्यक्ष हरि बहादुर क्षेत्री (राजेन्द्र)ले बताए। क्षेत्री भन्छन,"उनी जहाँ जहाँ पुगछिन त्यो ठाउँमा समग्र माछापुच्छे गाउँपालिकाको प्रतिनिधित्व भएको हामीले महसुस गरेका छौ"। माछापुच्छे गाउँपालिकाको मात्रै नभएर अहिले समीक्षाको प्रस्तुतिले सिगो देशकै कलाकारिता क्षेत्रको स्थान उच्च भएको छ। कलाकार देशका गहना हुन,राष्ट्र लाई देश तथा विदेशमा चिनाउन कलाकारले अहम् भूमिका खेलेको हुन्छ राष्ट्रले उनीहरूको महत्त्व बुझ्न सकेको छैन,जसका कारण अधिकांश कलाकार बिदेसिन पुगेको उनले बताए। कलाकारिता क्षेत्रको महत्त्व बुझेर हामीले अधिकारीलाई थप हौसला दिन र समाजमा सन्देश छर्नका लागि सम्मान गरिएको उल्लेख गरे। अधिकारीले गायनको सिलसिलामा आफू जहाँ भएपनी,जहाँ गएपनि आफ्नो जन्मभूमिको मायाले आफूलाई सधैं रहिरहने बताउँदै सम्मान ग्रहण गर्ने अवसरका लागि वडा-९ र आयोजक प्रति हार्दिकता व्यक्त गरिन। सिधिङ क्षेत्रमा शनिवार दिनभरको वर्षाको बिच पनि ५ सेट भलिबल खेलका साथै समीक्षाको प्रस्तुतिमा दर्शकले भरपुर मनोरञ्जन लिएको क्लबका अध्यक्ष शुक बहादुर तामाङले बताए। माघ ३० गते देखि फागुन ४ गते सम्म चल्ने प्रतियोगितामा प्रथम हुनेले नगद रु ८५ हजार, द्धितियले नगद रु ५० हजार र तृतीयले नगद रु ३० हजार र सान्त्वना हुनेले नगद रु २० हजार रुपैंया साथमा ट्रफि,मेडल र प्रमाण-पत्र प्राप्त गर्नेछन्। उत्कृष्ट खेलाडी,उत्कृष्ट स्पाई कर र उत्कृष्ट सेटरलाई नगद पुरस्कारका साथमा ट्रफी, मेडल र प्रमाणपत्र प्रदान गरिने खेल संयोजक याम क्षेत्री बताए।

भेट्रान्स भलिबल प्रतियोगिता तर्फको विजेताले नगद रु ३०,००० र उप-विजेताले नगद रु २०,००० हजार साथमा ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछन्। कार्यक्रमको बिच अन्य स्थानीय तथा राष्ट्रिय ख्यातिप्राप्त कलाकारहरुद्धारा नृत्य, गायन, हास्यब्यङ्गे लगायतका विशेष प्रस्तुति राखेका थिए। सिधिङ खेलमैदानमा जारी खेल ५ गते सम्म चल्नेछ।

# लेकसिटी कलेजमा खेलकुदमाथि कचहरी

पोखरापत्र संवाददाता
पोखरा, ४ फागुन




खेल व्यवस्थापनमा विद्यावारिधि गरेका गण्डकी विश्वविद्यालयका उपप्राध्यापक डा. मधुसूदन सुवेदीले नेपालका खेल संस्थाहरुमा पारदर्शिता निकै कम भएकाले उनीहरुप्रति विश्वास गुम्दै भएको धारण राखे।

पोखराको लेकसिटी कलेज एन्ड रिसर्च सेन्टर मातहतको समाज विज्ञान केन्द्रले गर्ने मासिक कचहरीमा डा सुवेदीले सो कुरा भनेका हु। डा. सुवेदीले आफूले गरेको अनुसन्धानको निचोड प्रस्तुत गरे। उनले नेपालका खेलकुदका विभिन्न सात महासंघलाई आधार मानेर तिनीहरुको पारदर्शिता र जिम्मेवारी वहनको अवस्थाका बारेमा अनुसन्धान गरेका थिए। कचहरीको शीर्षक थियो, 'नेपालमा खेलकुद प्रशासनः सुधारका आवश्यकता र भविष्यको दिशा'।

डा. सुवेदीको अनुसन्धानको निचोड भन्छ, खेल क्षेत्रका ती महासंघहरु आफ्ना आन्तरिक गतिविधि बाहिर ल्याउनै चाहँदैनन्। उनीहरुमा जम्मा २४ प्रतिशतमात्र पारदर्शिता छ। जुन निकै कमजोर हो। खेलक्षेत्रसँग धेरै सरोकारवाला जोडिएको हुने भन्दै पछिल्लो समयमा नेपालमा राजनीतिक हस्तक्षेत्रले यो क्षेत्रलाई आक्रान्त पारेको उनको अनुभव छ। राष्ट्रिय खेलकुद परिषद्का सदस्य समेत रहेका डा. सुवेदीले परिषदको सदस्य हुनकै लागि दलका नेताका ढोका चाहर्ने र रकम खर्च गर्ने गरेको पाइएको बताए। नेपालमा १ सय ९० जति खेलकुद संघ दर्ता रहे पनि ५० वटाजति मात्रै क्रियाशील रहेको उनले सुनाए। कार्यक्रममा भलिबलका पूर्व राष्ट्रिय खेलाडी लेखनाथ लम्साल राज्यले खेल र खेलाडीमा सारै नै कम लगानी गरेको भनाइ राखे।

बजेट खर्च गर्नकै लागि मात्र सरकारी तवरबाट खेल हुने गरेको भन्दै उनले यो प्रवृत्ति सच्याउन सुझाव दिए। खेलकुद पत्रकार मञ्चका अध्यक्ष एमबी आस्था मगरले पुराना कानुनी संरचना अद्यावधिक गर्दै जानुपर्नेमा जोड दिए। खेल र खेलाडीका लागि सरकारले मन खोलेर खर्च गर्नुपर्ने उनको भनाइ थियो। सिर्जना माविका खेलकुद शिक्षक गोपाल थापा नेपालको खेल क्षेत्र जोगाइदिने काम नै विद्यालयहरुले गरेको बताए। कोलकातामा आफूले पढ्ने बेलामा एउटा विद्यालयमा १४ जनासम्म खेल शिक्षक राख्ने गरेको सुनाउँदै पोखराका विद्यालयहरु एकजना राख्न पनि नखोज्ने गरेको उनको अनुभव छ।

यति ठूलो सहर पोखरामा एउटामात्र रंगशाला रहे पनि त्यो विद्यालयहरुको पहुँचमा नरहेको थापाले बताए। अक्स्फोर्ड स्कुलका खेल शिक्षक अजय गुरुङ विद्यालयहरुले गर्ने वार्षिक खेलकुद कार्यक्रम पनि प्रभावकारी नभएको बताए। रंगशालामा विद्यार्थी लैजान खोज्दा चर्को शुल्कका कारण हच्किनुपरेको अनुभव उनले सुनाए। पृथ्वीनारायण क्याम्पस स्वास्थ्य तथा शारीरिक विषयका उपप्राध्यापक दुर्गा पौडेलले क्याम्पस तहका विद्यार्थीमा अहिले खेलतिर आकर्षण नै नभएको बताए। राजनीतिक हस्तक्षेत्रका कारण खेलक्षेत्र अस्तव्यस्त रहेको उनको भनाइ थियो। पत्रकार दीनानाथ बरालले खेलाडी र खेल क्षेत्रको सुधारका लागि नियमानकारी निकाय नै दरिलो हुनुपर्ने बताए। कार्यक्रममा पृथ्वीनारायण क्याम्पसका डा. रामचन्द्र बरालले नेपालको खेल क्षेत्रमा विभागीय टिम सशक्त हुँदा अरु टिम किन कमजोर भएका होलान् भनी प्रश्न गरे। खेलाडीका लागि छुट्याइएको भत्ता र पोषणमै पनि अनियमितता हुने गरेको सुन्नमा आइरहेको उनको भनाइ थियो। उक्त अवसरमा फेन्सिङ संघ गण्डकीका अध्यक्ष विजय शाहीले राजनीतिक खिचातानीले नेपालको खेल क्षेत्र अस्तव्यस्त रहेको बताए। त्यही संघका सचिव सन्दिप बरालले सरकार र समाजलाई खेलकुदको महत्व बुझाउन नसकिएको बताए।

पृथ्वीनारायण क्याम्पसका उपप्राध्यापक हिमलाल आचार्यले लेकसिटी कलेज मातहतको समाज विज्ञान केन्द्रले थालेको कचहरीबाट आफू प्रभावित भएको बताए। खासै बहसमा नआएको विषयका बारेमा केन्द्रले चर्चा थालेको भन्दै उनले प्रशंसा गरे। खेलक्षेत्रमा व्याप्त विकृति अन्त्य गर्न सबै पक्षको सहकार्य जरुरी रहेको उनको भनाइ थियो। कार्यक्रममा सबैभन्दा पहिला आउनेलाई प्रमुख अतिथि बनाउने नियम अनुसार आचार्यले उक्त भूमिका निभाउँदै कचहरी अन्त्य गरेका थिए।

# कास्की क्रिकेट लिग: राईजिङ र कास्कीको जित

पोखरापत्र संवाददाता
पोखरा, ४ फागुन




कास्की जिल्ला क्रिकेट संघको आयोजनामा सञ्चालित कास्की जिल्ला टी-२० क्रिकेट लिग प्रतियोगितामा राईजिङ क्रिकेट क्लबले अरण्यज्योति क्रिकेट क्लबलाई ४१ रनले पराजित गर्दा कास्की क्रिकेट क्लबले भने अपराजित यात्रा कायम राख्दै आईतबार लेखनाथ युथ क्रिकेट क्लबलाई १८८ रनले पराजित गरेको छ।

पोखरा रंगशाला क्रिकेट मैदानमा भएको प्रतिस्पर्धामा राईजिङले टस हार्दै नविन पोखरेलको अर्धशतकीय पारीमा ४ विकेटको क्षतिमा १३० रनको मध्यम लक्ष्य प्रस्तुत गर्‍यो। पोखरेलले ५४ बल खेल्दै ५६ रन बनाए। उनले ८ चौका प्रहार गरे। अनिष राउतले ३२ रन बनाए। प्रवीण पौडेलले २ विकेट लिए।

१३१ रनको लक्ष्य पछ्याएको अरण्यज्योति भने ८९ रनमा समेटियो। ओपनर अनिकेत गजुरेलले ५४ बल खेल्दै २६ रन बनाए। प्रवीन पौडेलले १६ र मुकेश गुरुङले १५ रनको योगदान गरे। अन्य व्याटर भने प्रभावकारी प्रदर्शन रहेन्। अनिष राउतले ४ विकेट लिए। उनले ४ ओभरमा १ मेडन राख्दे १४ रन खर्चिए। उनी प्लेयर अफ दि म्याच घोषित भए। यसैगरी अर्को खेलमा कास्की क्रिकेट क्लबले टस जित्दै व्याटिङ गर्ने क्रममा ५ विकेटको क्षतिमा २३४ रन बनायो। ओपनर सोहेल कुँवर र अर्जुन कुमालले पहिलो विकेटको लागि १४४ रनको साझेदारी निभाए। उनीहरुको अर्धशतकको मद्धतमा कास्कीले विशाल लक्ष्य प्रस्तुत गर्‍यो। कुँवरले ३७ बल खेल्दै ९ चौका र ३ छक्काको मद्धतमा ७४ रन बनाए। कुमालले पनि ३९ बल खेल्ने क्रममा ११ चौकार २ छक्कासहित ७६ रनको पारी खेले। रोहित चन्दले तेस्रो नम्बरमा आएर अविजित ४५ रन बनाए। सन्दीप शर्माले ३ र प्रताप थापाले २ विकेट लिए। २३५ रनको लक्ष्य पछ्याएको लेखनाथ युथ क्रिकेट क्लब भने ४६ रनमा समेटियो। विश्वास पराजुलीले ४ ओभरमा केवल ७ रन दिए र४ विकेट लिएपछि लेखनाथ धरासायी बन्यो। नितेश गिरीले पनि ४ओभरमा १ मेडनसहित १६ रन खर्चिएर ३ विकेट लिएपछि लेखनाथ सस्तैमा समेटियो। लेखनाथका लागि साहिल पौडेलले १४ रन बनाए।


## प्रजातन्त्रको सम्मान गरौं

- राज्य शक्तिको स्रोत जनता हुन्,
- निर्वाचित प्रतिनिधिले शासन गर्ने प्रक्रिया प्रजातान्त्रिक पद्धति हो,
- आवधिक निर्वाचन प्रजातन्त्रको आधारस्तम्भ हो.
- नागरिक सर्वोच्चता, स्वतन्त्रता र समानता प्रजातन्त्रका आधारशिला हुन्,
- प्रजातन्त्रमा मौलिक हक र मानवअधिकारको संरक्षण हुन्छ,
- कानूनी शासन प्रजातन्त्रको अनिवार्य शर्त हो,
- शासकीय क्रियाकलापमा नागरिक सहभागिता र प्रतिनिधित्व सुनिश्चित गरौं,
- सामाजिक न्याय र सामाजिक सुरक्षा कायम गरौं,
- सभ्य, सुसंस्कृत र समुन्नत राष्ट्र निर्माणमा सबैले हातेमालो गरौं, प्रजातन्त्रको सम्मान गरौं, प्रजातान्त्रिक संस्कृतिको सम्वर्द्धन गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड


# हिसान गण्डकी फुटसल प्रतियोगिता शुरु

पोखरापत्र संवाददाता
पोखरा, ४ फागुन



पोखरामा उच्च शिक्षालय तथा माध्यमिक शिक्षालय संघ (हिसान) गण्डकीको आयोजनामा तेस्रो प्रदेशस्तरीय हिसान प्लस टु तथा कलेज फुटसल प्रतियोगिता शुरु भएको छ।

प्रतियोगिताको उद्घाटन खेलमा कास्की च्याम्पियन बनेको गुरुकुल विद्यासनले बिजयी शुरुवात गरेको छ। गुरुकुल विद्यासनले जुनियर सिटिजन एकेडेमी लेखनाथलाई १-० गोलले हरायो। अर्को खेलमा डाइमन्ड सेकेन्डरी स्कुलले पोखरा युनाइटेड एकेडेमीलाई ट्राइब्रेकरमा ३-२ गोलले हरायो।

निर्धारीत समयमा दुई दुई गोलका बराबरीमा सकिएपछि खेल ट्राइब्रेकरमा पुगेको थियो। अर्को खेलमा सुर्योदय इङलिस बोडिङ स्कुलले ग्लोबल कलेजियट स्कुललाई फराकिलो अन्तरले हरायो। सुर्योदयले ग्लोबललाई ८-२ गोल अन्तरले हरायो। अर्को खेलमा अरनिको स्कुल तनहुले मदरल्याण्ड स्कुललाई ४-३ गोल अन्तरले हरायो।

आइतबारको ६ औं खेलमा चिल्डेन लाइफ इङलिस स्कुल बाग्लुङले त्रिबेणी पब्लिक स्कुल लेखनाथलाई २-१ गोलले हरायो। अर्को खेलमा कास्की मोडनाइ एकेडेमीले फियुचर बोडिङ स्कुल बागलुङलाई ५-१ गोलको फराकीलो अन्तरले हरायो। कलेज तर्फको फुटसलमा सोच कलेज अफ आइटिले ज्ञान कलेजलाई ९-० गोलको फराकिलो अन्तरले हरायो। फागुन ७ गते सम्म सञ्चालन हुने प्रतियोगितामा विद्यालय तर्फ १४ विद्यालयले भाग लिएका छन् भने क्याम्पस तर्फ ९ क्याम्पसले सहभागीता जनाएका छन्। प्रतियोगिताको विजेता टोली नगद १ लाख मेडल, ट्रफि र प्रमाणपत्र प्राप्त गर्ने छन्।

त्यसै गरी दोस्रो हुने टोलीले नगद ५० हजार मेडल, ट्रफि र प्रमाणपत्र प्राप्त गर्ने हिसान गण्डकी प्रदेशका अध्यक्ष डा. रामजी शर्माले जानकारी दिए। उनले कलेज तर्फको बिजेताले नगद २० हजार र दोस्रो हुने टिमले नगद १० हजार मेडल, ट्रफि र प्रमाणपत्र प्राप्त गर्ने छ। प्रतियोगिताको प्रथम पुरस्कार युआरएलले प्रायोजन गरेको छ भने दोस्रो पुरस्कार हिसान कास्कीले प्रायोजन गरेको छ। प्रतियोगिताको व्यवस्थापन सबिन मेमोरीयल फुटबल क्बलले गर्दै आएको छ। सबिन मेमोरियल क्बल राष्ट्रिय फुटसल लिगको ए डिभिजन क्लब हो। प्रतियोगिताको उद्घाटन गर्दै गण्डकी प्रदेशका सामाजीक तथा खेलकुदमन्त्री विन्दुकुमार थापाले खेलाडी उत्पादनमा टेवापुग्ने बताए।

## मन्त्री पौडेल...

ठुलो आवाज सहित आगोको ज्वालाले उनीहरुको अनुहार हातमा जलन भएको थियो।

उक्त वेलुनमा नाइट्रोजन ग्याँस भएकोले आगोको झिल्को परेका कारण बेलुन पट्कदै वेलुनमा भएको नाइट्रोजन ग्याँसमा एकै पटक आगो लागेको थियो। छानबिन समिति गठन गरेपछि गृहमन्त्री लेखक अस्पताल पुगेर उहाँहरुको स्वास्थ्य अवस्थाबारे जानकारी लिनु भएको थियो। यस बिषयमा सम्बन्धित पक्षसंग छलफल गरेर घटनाको बारेमा प्रतिवेदन तयार गर्ने कास्कीका प्रमुख जिल्ला अधिकारी पाण्डेले बताउनु भयो।

## तेह्र लाख ...

यही फागुन ६ गतेसम्म सञ्चालन हुनेछ। अभियानका क्रममा कक्षा ६ देखि १० का छात्रा र १० देखि १४ वर्षका किशोरीलाई स्थानीय तहमा रहेका केन्द्रहरूमार्फत खोप लगाइएको हो। मन्त्री पौडेलको सचिवालयका अनुसार अभियानका क्रममा करिब १७ लाख किशोरीलाई खोप लगाउने लक्ष्य छ।

मुलुकमा पाठेघरको मुखको क्यान्सरका कारण ज्यान जाने महिलाहरूको सङ्ख्या उच्च छ। सानै उमेरमा खोप प्रदान गरेर यो समस्या कम गर्ने योजनाअनुसार निरोधात्मक विधिअन्तर्गतका कार्यक्रम सरकारले कार्यान्वयन गरिरहेको छ।


"आयुर्वेदोऽमृतानाम:"
पोखराको पुरानो र विश्वासिलो आयुर्वेद अस्पताल
## माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि
पोखरा-९, नयाँबजार(न्यू विवेक पेट्रोल पम्पको माथि)
०६१-५८९१९४, ९८४४३११९०६, ९८१३६७७७०६

छाला तथा यौन रोगहरुका लागि
महिलाहरुमा : विसन्तानपन, सेतोपानी बग्ने, योनी चिल्लाउने,महिनावारीमा गडबडी आदी
पुरुषहरुमा : शिघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चहाना नहुने, स्वप्नदोष, सरुवा यौन रोग, लिंग उत्तेजना नहुने आदी
डा. बिनोद मिश्रा
प्रत्येक महिनाको १२ गते

पायल्स, फिसर, फिस्टुला तथा मलद्वार सम्बन्धी रोगहरुको सफल उपचारको लागि
डा. राजिव घिमिरे
प्रत्येक महिनाको पहिलो शनिबार

जस्तोसुकै (पुरानो/नयाँ) रोगहरुको विशेष आयुर्वेद उपचारको लागि
डा. सुरेश पुर्वे
महिनाको प्रत्येक दिन

उपचार गर्ने रोगहरु :-
१. पायल्स, फिसर, फिस्टुला
२. स्त्री तथा प्रसुति रोग
३. धातु तथा यौन रोग
४. श्वास प्रश्वास सम्बन्धी रोग
५. मृगौलाको पत्थरी
६. अनुहारको कालोपोतो र डण्डीफोर
७. उच्च रक्तचाप
८. सुगर(मधुमेह)
९. नशा तथा हाडजोर्नी रोग
१०. पिनास तथा एलर्जी


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सूक्तिसुधा**

ईश्वरीय चिन्तनले मनलाई शान्त पार्दछ।
- प्रेमचन्द

## सम्पादकीय

# पोखरा घटनाबाट लिने पाठ

पोखरा भ्रमण वर्ष औपचारिक घोषणा कार्यक्रम उद्धाटनका क्रममा बेलुन पट्कदा उपप्रधानमन्त्री तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेल र पोखरा महानगरका मेयर धनराज आचार्य घाइते भएका छन।अर्थमन्त्री पौडेल र मेयर आचार्यको कीर्तिपुर जलन (वर्न)अस्पतालको  आइसीयुमा राखेर उपचार भइरहेको छ। सो घटना छानबिन गर्न आठ सदस्यीय समिति गठन भएको छ । शनिबारको घट्नापछि आइतबार गृहमन्त्री रमेश लेखकले मन्त्रीस्तरीय निर्णयबाट समिति गठन गरेका छन ।

समितिलाई घटनाको विस्तृत अध्ययन, अनुसन्धान एवं छानबिन गरी आउँदा दिनमा यस्ता कार्यक्रम गर्दा अपनाउनु पर्ने पूर्वसर्तकता र अवलम्बन गर्नुपर्ने उपायहरूसहितको प्रतिवेदन पेस गर्न १५ दिन समय दिइएको छ । कास्कीका प्रमुख जिल्ला अधिकारी भरतमणि पाण्डेको संयोजकत्वमा आठ सदस्यीय छानबिन समिति गठन भएको हो । समितिको सदस्यहरूमा पोखरा महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत शिवराज चौलागाई, कास्कीका प्रहरी प्रमुख प्रहरी उपरीक्षक श्यामबाबु ओलिया, सशस्त्र प्रहरी २४ नम्बर गण हेटक्वाटरका प्रमुख सशस्त्र प्रहरी उपरीक्षक सूर्यप्रसाद तिमिल्सिना, राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालयका उपअनुसन्धान निर्देशक सुरेशकुमार तिवारी रहेका छन् । समितिको सदस्य सचिवमा कास्कीका सहायक प्रमुख जिल्ला अधिकारी गंगाबहादुर क्षेत्री रहेका छन् । समितिमा विस्फोटक पदार्थ विज्ञ एक सदस्य चयन भएको छैन ।

भ्रमण वर्ष घोषणा सुरु भएसँगै उद्धाटनका क्रममा स्वीचमार्फत पानस (फायर क्यान्डिल) बालिएको थियो । त्यसपछि भ्रमण वर्षको लोगोसहितको बेलुन उडाउने क्रममा पानस बालिएको ज्वालाले हाइड्रोजन ग्यास भरिएका बेलुन भेटाएपछि पड्किएर आगलागी भएको थियो । आगोलागीबाट अर्थमन्त्री विष्णु पौडेल र पोखराका मेयर धनराज आर्चाय घाइते भएका थिए । पोखरामा बेलुन विस्फोट हुँदा घाइते भएका उपप्रधान एवं अर्थमन्त्री विष्णु पौडेल र पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यको स्वास्थ्यमा सुधार आएको छ । साथै अहिले कै अवस्था रहेमा शल्यक्रिया गर्नु नपर्ने भएको छ।’ घाउ जाँचको क्रममा क्भअयलम म्भनचभभ क्गउभचाष्अर्ष्बा गहिराइ भएको पाइएको छ । सोही अवस्था यथावत् रहे शल्यक्रिया गर्नुपर्ने छैन,’ अस्पतालद्वारा जारी पछिल्लो विज्ञप्तिमा उल्लेख छ । काठमाडौंको कीर्तिपुर अस्पतालको सघन उपचार कक्ष (आईसीयू)मा उपचाररत उनीहरू दुवै जनाको स्वास्थ्य अवस्था सुधारोन्मुख रहेको उपचारका संलग्न चिकित्सकहरूले बताएका छन् । अनुहारमा जलनको कारण स्वास नली र फोक्सोमा पर्ने असर हेर्न अझै पर्खिनु पर्ने अस्पतालले जनाएको छ । उनीहरूलाई संक्रमणको जोखिम रहेकाले  बिहानैबाट भेटघाट बन्द गरिएको छ ।

पोखरा भ्रमण वर्ष २०२५ को औपचारिक उद्घाटन गर्ने क्रममा बेलुन उडाउन खोज्दा पड्किँदा अर्थमन्त्री पौडेल र मेयर आचार्य घाइते भएका थिए। पोखरामा प्राथमिक उपचारपछि उनीहरूलाई शनिबार नै हेलिकप्टरमार्तफ काठमाडौं ल्याइएको थियो । आइतबार बिहान अस्पताल पुगेर राष्ट्रपति रामचन्द्र पौडेल र सभामुख देवराज घिमिरेले उनीहरूको स्वास्थ्य अवस्थाबारे जानकारी लिएका थिए ।साँझ प्रधानमन्त्री केपी शर्मा ओली अस्पताल पुगेर अर्थमन्त्री पौडेल र  मेयर आचार्यको स्वास्थ्य अवस्था बारे जानकारी लिएका छन। मन्त्री देखी नेतालाई सामाजिक संजाल मा विरोध भएन।सामाजिक संजाल ले कार्यसम्पादन  भन्दा विरोध गरेर  विषयलाई अन्यत्र मोडिन खोजेपनि सरकारले छानबिन समिति गठन गरेर आगामी दिनमा अपनाउन पर्ने सतर्कता र सुधार गर्न सकिने सुझाव लिन खोज्नु सामयिक छ । कस्तो कार्यक्रममा कस्तो प्रोटोकल अपनाउने र कस्तो तयारी छ भनेर रिहलसल गर्नुपर्ने हुन्छासुरक्षाको बारेमा कम ध्यान दिने शैली पनि हटाउनुपर्नेछासमारोह संचालन गर्दा र मंच देखि दर्शक सम्मको सबै पाटो केलाउन अनुभवी टिमको खाँचो महसुस भएको छाछानबिन समितिले सबै पक्ष केलाएर सुझाव दिएमा आउँदा कार्यक्रम कसरी सभ्य र भव्य बनाउन सकिन्छ भन्ने गतिलो मार्गदर्शन हुनेछ ।

## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : आर्थिक समस्या | तुला | : शुभ यात्रा |
| वृष | : शारीरिक झमेला | वृश्चिक | : स्वास्थ्यमा सुधार |
| मिथुन | : मानसिक तनाब | धनु | : कार्यमा सफलता |
| कर्कट | : ब्यापारमा लाभ | मकर | : सहयोग मिल्नेछ |
| सिंह | : शत्रुको भय | कुम्भ | : अप्रत्यसित लाभ |
| कन्या | : झमेला बड्ने | मीन | : सत्कार मिल्नेछ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा–१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

# जुत्ता व्यवसायी संघ कास्कीका सदस्यको दुर्घटना बीमा



**पोखरापत्र संवाददाता**
पोखरा, ४ फागुन

जुत्ता व्यवसायी संघ कास्कीले आफ्ना सदस्यहरुलाई १ लाख सम्मको दुर्घटना बीमा गरेको छ । संघले आफ्ना १२७ जना सदस्यहरुलाई दुर्घटना बीमा गराएको हो ।

संघले नेपाल माईक्रो इन्स्योरेन्ससँग दुर्घटना बीमा सम्बन्धी सम्झौतामा हस्ताक्षर गरेको छ। कुल बिमांक रकम १ करोड २७ लाख रुपैयाँ रहेको छ । सम्झौता अनुसार संघका हरेक सदस्यको प्रतिव्यक्ति १ लाखका दरले दुर्घटना बीमा भएको छ । संघका अध्यक्ष हेमकृष्ण श्रेष्ठले संघका सदस्यहरुलाई विभिन्न खालका दुर्घटनाको जोखिम हुने भएकाले त्यस्तो जोखिम बहन गर्न आफ्ना सदस्यहरुको बीमा गराइएको बताए । आफ्ना सदस्यहरु कदम कदाचित कुनै खालको दुर्घटनामा परिहालेको खण्डमा त्यसको बहन गर्न बीमा कम्पनीसँगको सहकार्यमा प्रति सदस्य १ लाखका दरले सबै सदस्यहरुको बीमा गरीएकोले यो संघको लागि ऐतिहासिक र गौरवको काम भएको अध्यक्ष श्रेष्ठले बताए । संघले आफ्ना सदस्यहरुको क्षमता अभिवृद्धिका साथै स्वास्थ्य जोखिममा समेत सचेत रहेको अध्यक्ष श्रेष्ठको भनाई छ । सघंका उपाध्यक्ष लिलाम्बर सुवेदीको सयोजकत्वमा दुर्घटना बीमा सम्बन्धी सम्झौता गरिएको हो ।

# गीताञ्जली साहित्य परिवारको २६६ औं साधना प्रभात

**पोखरापत्र संवाददाता**
पोखरा, ४ फागुन

गीताञ्जली साहित्य परिवारको नियमित रचनावाचन साधनाप्रभातको २६६ औं शृखला सम्पन्न भएको छ ।

कार्यक्रमका प्रभातनायक अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज गण्डकीका महासचिव असफल गौतमले सिर्जना सभ्य समाज निर्माणको आधारशीला भएकाले स्रष्टा साधक विधर्मको बाटो नहिँड्दा राज्यसत्ता र सर्जकबीचको खाडल पुरिन नसकेको बताए ।

उनले व्यापारीले साहित्यका नाममा व्यापार गर्दा बजेट विनियोजनका लागि लाखौं रुपैयाँ हुने राज्यसँग साहित्यिक संस्थाका लागि सामान्य सहयोग नहुनु दुषित मानसिकताको उपज भएको भन्दै चिन्तासमेत व्यक्त गरे । संस्थाका पूर्व अध्यक्ष शिवप्रसाद गौतमले साहित्य सिर्जना स्वस्थ जीवनयापनको माध्यम भएकाले गीताञ्जलीका कार्यक्रममा अनुजदेखि अग्रज पुस्ताको सहभागिताले खुसी लाग्ने गरेको बताए । कार्यक्रममा साहित्यकार रुद्रबहादुर थापा, ऋषिकेश बराल, नारायण बराल, बलराम तिमिल्सिना, ऋषिराम काफ्ले, विष्णुप्रसाद पराजुली, गोविन्दप्रसाद पराजुली, ढाकामोहन बराल, प्रमिला सुनार ढुण्डीराज ज्ञवाली, महेन्द्र वि.क.लगायतले रचनावाचन गरे ।

भानु भण्डारी क्षितिजको अध्यक्षतामा सम्पन्न कार्यक्रममा धर्मराज पौडेल अल्पायूको स्वागत मन्तव्य रहेको थियो । कार्यक्रमको सञ्चालन सचिव नरेन्द्र रानाभाट र सहसचिव ढुण्डीराज ज्ञवालीले गरेका थिए ।

# चितवनको गाजर र चुकन्दर जर्मन निर्यात

**रासस**
चितवन, ४ फागुन

भरतपुर महानगरपालिका-१५ श्रीपुरमा उत्पादित गाजर र चुकन्दर जर्मन निर्यात हुन थालेको छ । १२ बिघामा लगाइएको १०० टन चुकन्दर र १५० टन गाजर जर्मन निर्यात हुन थालेको हो ।

जिल्ला प्राङ्गारिक सङ्घ चितवनका अध्यक्ष चन्द्रप्रसाद अधिकारीका अनुसार २ वर्षदेखि यहाँ उत्पादित गाजर र चुकन्दर ‘द अर्ग्यानिक भ्याली’ संस्थाले विदेश पठाउन थालेको हो । स्थानीय उत्पादनलाई प्रवर्द्धन गरी कृषकलाई प्रोत्साहन गर्ने उद्देश्यले अन्तरराष्ट्रियस्तरबाट प्रमाणीकरण गरी कृषि उपज निर्यात गर्न थालिएको उहाँले बताउनुभयो । उहाँका अनुसार यस वर्ष यही फागुन १५ गतेदेखि ती उत्पादन पठाउने तयारी गरिएको छ ।

यहाँको २० बिघा अर्ग्यानिक क्षेत्रका रूपमा मान्यता पाएको बताउँदै उहाँले भन्नुभयो, “१२ बिघामध्ये ६० प्रतिशत क्षेत्रफलमा गाजर र ४० प्रतिशतमा चुकन्दर लगाइएको छ । यहाँको उत्पादनलाई विदेशी उपभोक्ताले विश्वास गरेपछि निर्यात सुरु गरिएको हो ।”

जर्मन जाने गाजरको प्रतिकिलो रु २० र चुकन्दर प्रतिकिलो रु ५० मा तोकिएको सङ्घका सदस्य छविलाल न्यौपानेले जानकारी दिनुभयो । सङ्घमा आबद्ध १५ जना किसानले लगाएको गाजर र चुकन्दर जर्मन निर्यात हुने गरेको उहाँले बताउनुभयो । उहाँले भन्नुभयो, “अर्ग्यानिक खेती हुने क्षेत्रमा गाजर र चुकन्दर बाहेक गहुँ, मुसुरो, जौ, घाँस, आलुका साथै अन्य सागसब्जी उत्पादन गर्रिंदै आइएको छ ।” यहाँ उत्पादित कृषिउपज जर्मनसँगै चितवन, पोखरा, काठमाडौँलगायत अन्य जिल्लामा बिक्री हुँदै आएको छ ।

गाजर र चुकन्दर नेपालको ‘अर्ग्यानिक भेन्चर’ नामक संस्थाले खरिद गरी आन्तरिक बजारमा बिक्री गर्दै आएको न्यौपानेले जानकारी दिनुभयो । प्राङ्गारिक सङ्घलाई कृषि विकास कार्यालय चितवनले सुरुआती समयमा आर्थिक सहयोग गरेकामा पछिल्लो समय प्राविधिक सहयोग मात्रै गर्दै आएको उहाँले बताउनुभयो । पहिला ‘प्याकेजिङ’, ‘ग्रेडिङ’ र बजारीकरणमा सहयोग गर्दै आएको थियो ।

# म्यागदीमा ग्रामीण सडकको स्तरोन्नति

**पोखरापत्र संवाददाता**
दमौली, ४ फागुन

दुई जिल्ला जोड्ने कृष्णमार्ग स्तरोन्नतिका लागि सङ्घ सरकारबाट रु १० करोडको बजेट सुनिश्चित भएको छ । तनहुँ र पाल्पा जोड्ने उक्त मार्ग स्तरोन्नतिका लागि भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयबाट रु १० करोड बजेट विनियोजन भएको हो ।

उक्त सडकका लागि बजेट उपलब्ध गराउन घिरिङ गाउँपालिकाले संघीय सरकारलाई माग गरेको थियो । नेकपा (एमाले) राष्ट्रिय सभाका प्रमुख सचेतक भगवती न्यौपानेले लामो समयदेखि अलपत्र रहेको उक्त मार्गमा बजेट सुनिश्चित भएपछि अब कामले गति लिने विश्वास व्यक्त गर्नुभयो ।

आर्थिक वर्ष २०७६/७८ मा उक्त सडकका लागि निर्वाचन क्षेत्र रणनीतिक कार्यक्रमअन्तर्गत रु ४० करोड बजेट परेको थियो । तनहुँको घिरिङ गाउँपालिकाको धेनुङ देउरालीबाट पाल्पाको केलादीघाट जोड्ने उक्त सडकअन्तर्गत पर्ने घिरिङ गाउँपालिकामा २५ किलोमिटर खण्ड अलपत्र छ । १५ महिनामा निर्माण सक्ने गरि विसं २०७३ वैशाख २३ गते निर्माण कम्पनीसँग सम्झौता भएकामा उक्त सडक विबिध कारण हालसम्म अपलत्र बनेको घिरिङ गाउँपालिकाका गाउँपालिकाका अध्यक्ष होमबहादुर थापाले बताउनुभयो ।

उक्त २५ किमि सडक कालोपत्रको लागि रु १० करोड ७६ लाखमा निर्माण कम्पनीले ठेक्का सम्झौता गरेको थियो । विसं २०७३ मा जिल्ला प्राविधिक कार्यालयमार्फत निर्माण सुरु भएको यो सडक देश सङ्घीयतामा गएपछि गण्डकी प्रदेशको पूर्वाधार विकास कार्यालय नवलपुरमा हस्तान्तरण भएको थियो । यसपछि फेरि यो सडक पूर्वाधार विकास कार्यालय मातहत ल्याइएको थियो । जिल्ला प्राविधिक कार्यालयसँग भएको सम्झौता अनुसार ठेकेदार कम्पनीले यो सडकको निर्माण विसं २०७४ साउन २८ गतेभित्र सक्नुपर्ने थियो । तर, त्यससमय काम थालेको कम्पनीले पछि पनि काम नगरेपछि कार्यालयले ठेक्का तोड्ने प्रक्रिया अगाडि बढाएको थियो । ठेकेदारले ७५ प्रतिशत काम गरेको र रु सात करोड ६० लाख ३७ हजार भुक्तानी लिएको पूर्वाधार विकास कार्यालयका प्रमुख रवीन्द्र तिवारीले जानकारी दिनुभयो । नाला बनाउने, ट्राफिक सङ्केतहरु राख्ने, टेवापर्खाल बनाउने जस्ता धेरै काम अधुरो राखेर ठेकेदारले क्षतिपूर्तिको मागसहित मुद्धा हालेको कार्यालयको भनाइ छ । सन्तोषी निर्माण सेवाले ब्याजसहित रु चार करोड २५ लाख २७ हजार माग दाबी गर्दै मुद्धा हालेको थियो । आर्थिक वर्ष २०७८/७९ यता उक्त सडकका लागि करोडौँ विनियोजन भएपनि मुद्दाकै कारण उक्त रकम खर्च गर्न नसकिएको घिरिङ गाउँपालिकाका अध्यक्ष थापाले बताउनुभयो । उक्त निर्वाचन क्षेत्र रणनीतिक सडकको लागि विसं २०७७ चैत १२ गतेको मन्त्रिपरिषद्को निर्णयबाट बढीमा तीन वर्षभित्र सम्पन्न गर्ने गरी रु ४० करोड विनियोजन भएकामा उक्त सडकमा स्थानीय समस्याको कारण ठेक्का व्यवस्था हुन नसकी सो रकम फिर्ता भएकामा हाल आएर उक्त समस्या समाधान भइसकेको हुँदा अब सो सडकमा काम हुने गरी चालु आर्थिक वर्षका लागि रु १० करोड बजेट विनियोजन भएको जनाइएको छ ।

# महिलालाई आयआर्जनसँग जोड्न मौरीघार उपहार

**पोखरापत्र संवाददाता**
बागलुङ, ४ फागुन




काठेखोला गाउँपालिकाले महिलालाई आयआर्जनसँग जोड्न मौरीपालन तालिमसहित घार उपलब्ध गराएको छ ।

घरको काममा मात्र सीमित महिलालाई सीप सिकाएर उद्यमी बनाउने उद्देश्यले तालिमसहित घार उपलब्ध गराएको हो ।

काठेखोला गाउँपालिका-४ तङ्ग्राममा तीनदिने मौरीपालनसम्बन्धी तालिम दिएपछि महिला पनि उत्साहित भएका छन् । गाउँका २० महिलालाई उद्यमी बनाउने गरी मौरीघार उपलब्ध गराएको गाउँपालिकाका अध्यक्ष राजु थापाले जानकारी दिनुभयो । देश समृद्ध बनाउन भौतिक र पूर्वाधारको मात्र विकास गरेर नहुने भन्दै उहाँले समावेशी विकासको आवश्यकता भएको बताउनुभयो । नागरिकलाई सीपयुक्त तालिम दिई दक्ष र आत्मनिर्भर बनाउन आफूहरू लागिरहेको अध्यक्ष थापाको भनाइ छ । गाउँमा थुप्रै सम्भावना रहेको तर सीप र दक्षता नहुँदा नागरिकलाई उत्पादनसँग जोड्न नसक्दा पछाडि परेको उहाँले बताउनुभयो । अध्यक्ष थापाले भन्नुभयो, “अहिले धेरै जनाको रोजाइ सहरबजार छ, गाउँमा धेरै सम्भावना रहे पनि सीप नहुँदा धेरै नागरिकलाई आयआर्जनसँग जोड्न सकेका छैनौँ, काठेखोलाले अहिले पालिकाभर के-केको सम्भावना छ, खोजी गर्ने र त्यसमा आमजनतालाई दक्ष गराउने तथा उत्पादनमा लाग्ने योजना बनाएर अगाडि बढेका छौँ, अहिले मौरीपालनका लागि केही थान घार र मौरी पाल्ने तालिम दियौँ ।”

पालिकाको गत वर्ष विभिन्न वडामा खाना पकाउने तालिम, मकैको भुत्लाबाट हस्तकलाका सामग्री बनाउने र चप्पल बनाउने तालिम दिएको थियो । यस वर्ष महिला लक्षित कार्यक्रमअन्तर्गत महिलाको सीप विकासका लागि वडा नं १ र ६ मा मादल बजाउने र हार्मोनियम बजाउनेसम्बन्धी तालिम दिएको स्थानीय महिला समन्वय समिति संयोजक सुन्तली विश्वकर्माले जानकारी दिनुभयो ।

# नेपालमा कृष्णवक्ष चाँचर चराको दोस्रोपटक अभिलेख

**पोखरापत्र संवाददाता**
पोखरा, ४ फागुन



नेपालमा कृष्णवक्ष चाँचर चराको दोस्रो पटक अभिलेख गरिएको छ ।

पोखरा पन्छी समाजका अध्यक्ष एवं चराविज्ञ मनशान्त घिमिरे, चराविज्ञहरू हठन चौधरी र गोपी श्रेष्ठको टोलीले अनुगमनका क्रममा उक्त चरालाई धरान फरेष्टमा अभिलेख गरेको हो । समाजका अध्यक्ष घिमिरेले यो नेपालका लागि दोस्रो अभिलेख भएको जानकारी दिँदै तीन वर्षअघि नेपालका लागि पहिलो अभिलेख इलाम जिल्लाको दानावारीमा गरिएको बताउनुभयो । विसं २०७८ फागुन २५ गते चराविज्ञत्रय सञ्जीव आचार्य, क्यारोल इन्स्किप र टिकाराम गिरीको टोलीले त्यसताका चराको अभिलख गरेको जानकारी दिनुभयो । उहाँका अनुसार यो चाँचर भारतदेखि पूर्व बङ्गलादेश, भूटान, म्यान्मा, लाओस, थाइल्यान्ड र भियतनामसम्म तथा उत्तरमा चीनदेखि दक्षिण कोरियासम्म पाइन्छ । यसले जाडोमा तल्लो तटीय क्षेत्र र गर्मी मौसममा चीनका पहाडी क्षेत्रहरूमा विचरणसमेत गर्ने गर्दछ । यो चरालाई अङ्ग्रेजीमा ‘ब्ल्याक ब्रेस्टेट थ्रस’ भनिन्छ । कोशी प्रदेशको मोरङ र सुनसरीमा अवस्थित समुन्द्री सतहबाट १०० देखि एक हजार ३०० मिटरसम्म करिब ५० हजार हेक्टरमा फैलिएको धरान फरेष्ट चराका लागि महत्वपूर्ण क्षेत्रका रूपमा रहेको चराविज्ञ घिमिरेले बताउनुभयो । बर्ड लाइफ इन्टर नेसनलले पहिचान गरेको नेपालका ४२ वटा क्षेत्रमध्ये यस वनलाई एक महत्वपूर्ण वनका रूपमा लिइन्छ ।

# सगरमाथा स्कुलले मनायो १८ औँ वार्षिकोत्सव

**पोखरापत्र संवाददाता**
पोखरा, ४ फागुन

पोखरा महानगरपालिका-४ मा अवस्थित सगरमाथा निकेतन स्कुलले आफ्नो १८ औँ वार्षिकोत्सव विविध कार्यक्रम सहित मनाएको छ।

विद्यालय प्राङ्गणमा वार्षिकोत्सव समारोह आयोजना गरिएको थियो। सो समारोहको कार्यक्रमका प्रमुख अतिथि शिक्षा विकास तथा समन्वय इकाई कास्कीका प्रमुख लोकनाथ आचार्यले दीप प्रज्वलन गरी उद्घाटन गर्नुभयो। सो अवसरमा आचार्यले विद्यालयमा सैद्धान्तिकसँगै खोजमुलक र व्यावहारिक ज्ञान विद्यार्थीलाई दिनुपर्ने आवश्यकता औंल्याउनुभयो। उहाँले शिक्षण सिकाईसँगै संस्कृतिको विकासमा समेत जोड दिनुभयो। "खोज अनुसन्धान पाठ्यक्रमको मूल उद्धेश्य हो। शिक्षकले शिक्षण सिकाईमा विविधता ल्याउनु आवश्यक छ।"



आचार्यले भन्नुभयो। विद्यालयका प्राचार्य दिलिप कुमार शर्मा भट्टराईले विद्यालयले उत्कृष्ट शिक्षा प्रदान गर्दै आएको बताउँदै अतिरिक्ति क्रियाकलापमा समेत जोड दिइएको बताउनुभयो। "विद्यालयको शैक्षिक गुणस्तर वृद्धिमा अभिभावको समेत उत्तिकै साथ र सहयोग आवश्यक हुन्छ। आगामी दिनमा समेत सहयोगको अपेक्षा गरेका छौं।" प्राचार्य शमाले भन्नुभयो। विद्यालयका संस्थापक अध्यक्ष हरिप्रसाद त्रिपाठीले बालबालिकाको पहिलो पाठशाला आफ्नो घर रहेकाले अभिभावकले बालबालिकाको सिकाईमा विशेष ध्यान दिन आग्रह गर्नुभयो। कार्यक्रममा अभिभावकको तर्फबाट गीता सिग्देलले मन्तव्य व्यक्त गर्दै उत्कृष्ट विद्यार्थी उत्पादनमा अभिभावकको समेत दायित्व रहेको बताउनुभयो। वार्षिकोत्सव सहारोहमामा विद्यालयमा लामो समय योगदान दिने शिक्षकहरु अञ्जु सुवेदी, अर्मिला श्रेष्ठ, दीपा आचार्य, सुरज पौडेल, चिनमाया रेग्मी र जयाश्री ताम्राकारलाई नगद सहित दीर्घ सेवा सम्मान प्रदान गरिएको थियो। त्यसैगरी विभिन्न विधामा पूर्ण छात्रवृत्ति पाउन सफल पूर्व विद्यार्थीहरु प्रविन पौडेल, सौरभसिँह थापा, निश्चल जिसी, यमन थापा, अंकित बडगामी, दिपीका बस्याल, सिर्जनविक्रम थापा, अभिषेक पौडेल, विहान कोइराला, कृष्ण पाण्डे र विनम्र कोइरालालाई समेत सम्मान गरिएको थियो। समारोहमा कक्षा नर्सरीदेखी कक्षा १० सम्म वार्षिक परिक्षामा प्रथम, द्धितीय र तृतीय हुन सफल विद्यार्थीलाई ट्रफी सहित सम्मान गरिएको थियो।

कार्यक्रममा विद्यार्थीहरुले नाटक, भजन, गीत तथा नृत्यका माध्यमबाट मनोरञ्जन प्रदान गरेका थिए। विसं २०६२ मा स्थापना भएको सगरमाथा निकेतन स्कुलमा आठ सयको संख्यामा विद्यार्थी अध्ययनरत छन्। विद्यालयले गण्डकी प्रदेशमै छुट्टै पहिचान बनाएको छ।

# डोरीमा झुण्डीएर यात्रा गर्नुपर्ने बाध्यता

**पोखरापत्र संवाददाता**
म्याग्दी, ४ फागुन

म्याग्दीको रघुगङ्गा गाउँपालिका-७ मा रहेको धौलागिरि आधार शिविर पुग्न डोरीमा झुण्डीएर जोखिमपूर्ण यात्रा गर्नुपर्ने बाध्यता छ।

कोखेभिर र धौलागिरि भ्यु प्वाइन्ट हिलमा जोखिम मोलेर अक्करे भिर पार गर्न डोरी र खरको गाँजको साहरा लिनुपर्छ। कोखेभिरमा ५० मिटर र धौलागिरि भ्यु प्वाइन्टमा करिब एक सय मिटरमा रसी र खरको गाँज समाएर यात्रा गर्नुपर्ने समस्या रहेको हालै धौलागिरि आधार शिविर पुगेर फर्किएका पोखराका पर्यटन व्यवसायी तारा गर्बुजा पुनले बताउनुभयो। "बेनी-चिमखोला-घ्याँसीखर्क हुदै सुगुरथलासम्म राहुघाट र सहायक नदीहरुमा निर्माणाधिन जलविद्युत आयोजनाले बनाएको सडकमा चार घण्टा सवारी साधन मार्फत पुग्न सकिन्छ," उहाँले भन्नुभयो "कोखेभिर र धौलागिरि भ्यु पोइन्टमा पदमार्ग नहुँदा धौलागिरि आधार शिविरमा पर्यटक पुग्न सकेका छैनन्।"

दुई ठाउँमा पदमार्ग र राहुघाट नदीको केही ठाउँमा अस्थायी साँघु अथवा स्थायी प्रकृतिका झोलुङ्गे पुल बनाउन सकेमा छोटो दुरीमा पुगिने धौलागिरि आधार शिविर नयाँ पर्यटकीय गन्तब्यको रुपमा विकास हुने सम्भावना रहेको गर्बुजाले बताउनुभयो।

भारतीय सेनामा कार्यरत चिमखोलाका ललित गर्बुजाको अगुवाईमा मण्डली युवा क्लवका पदाधीकारी, पर्यटन ब्यवसायी र सञ्चारकर्मीहरुको टोली गत माघ महिनाको अन्तिम साता समुन्द्रि सतहदेखि चार हजार ५० मिटर उचाईमा रहेको आधार शिविरमा पुगेर फर्किएको थियो। पदमार्ग र राहुघाट नदीको पाँच ठाउँमा झोलुङ्गे पुल बनाउन सकेमा सुगुरथलादेखि छ घण्टा पैदलयात्रा गरेर आधार शिविरमा पुग्न सकिने गर्बुजाले बताउनुभयो। टोलीले पदमार्ग, पुल बनाउन र संकेत चिन्हहरु राख्न वडाका जनप्रतिनिधीहरुलाई सुझाव दिएको छ। धौलागिरि हिमालको फेदमा पुगेर चुचुरो सम्मै नजिकबाट नियाल्न पाउनु



आधार शिविरको प्रमुख आकर्षण हो। सुन छहरा, निलिबराह र कालीबराहलगायत तालको पनि अवलोकन गर्न सकिन्छ। यो पदमार्ग भएर स्थानीयबासीहरु वैशाख-जेठ महिनामा यार्सागुम्बा संकलनका लागि धौलागिरि आधार शिविर क्षेत्रमा जान्छन्।

पर्यटन मन्त्रालयको रु. एक करोड ५४ लाखको लागतमा ससलधारा देखि आधार शिविर जोड्ने १८ किलोमिटर पदमार्ग निर्माण योजना आर्थिक वर्ष २०७९/०८० मा शुरु भएर २०८०/०८१ मा सकिएको थियो। उक्त योजना सर्वेक्षणका क्रममा भिरलाई छुटाइएकाले त्यहाँ पदमार्ग निर्माण हुन नसकेको रघुगङ्गा गाउँपालिका-७ का वडा अध्यक्ष थकप्रसाद पाइजा (रिम)ले बताउनुभयो।

"जहाँ अप्ठेरो थियो, त्यहाँ पदमार्ग नबनेपछि हामीले प्रदेश र संघीय सरकारसँग थप बजेटको माग गरेका छौं," उहाँले भन्नुभयो "कम्तीमा अक्करे भिरमा डोरीको सहायताले हिँड्नुपर्ने ठाउँमा सुरक्षित पदमार्ग बनाउन सक्यौं भने आइसफल पदमार्ग र आधार शिविर क्षेत्रमा पर्यटक बढ्नेछन्।" वडा अध्यक्ष पाइजाका अनुसार यो वर्ष कालीबराह-धौलागिरि आइसफल पदमार्ग निर्माणका लागि गण्डकी प्रदेश सरकारबाट रु. २० लाख र नेपाल पर्यटन बोर्डले रु. पाँच लाख बजेट बिनियोजन गरेको छ।

बेनी-जोमसोम सडक निर्माण भएपछि तत्कालिन जिल्ला विकास समिति म्याग्दीको अगुवाइमा वि.स. २०६८ मा गलेश्वर देखि मुस्ताङको लेते निस्कने धौलागिरि आइसफल पदमार्गको अध्ययन र पहिचान भएको थियो। म्याग्दीको पिप्ले, भगवती, बेगखोला, दग्नाम, चिमखोला, कुईनेमंगले, दोबा लगायतको ठाउँको उच्च पहाडी डाँडाको धुरी हुँदै मुस्ताङको लेते पुग्ने एक सय २२ किलोमिटर दुरीको धौलागिरी आइसफल पदमार्गको विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) गरेर पूर्वाधार निर्माणका लागि प्रदेश र संघीय सरकारमा पेश गरेको रघुगङ्गा गाउँपालिकाका अध्यक्ष भबबहादुर भण्डारीले बताउनुभयो। आइसफल पदमार्गअन्तर्गत धौलागिरि आधार शिविर, निलीबराह ताल, कालीबराह ताल, सोवाङधुरी लगायतका दर्जनौं पर्यटकीय गन्तव्य छन्। पदमार्गमा डाँफे, मुनाल, कालिज, कस्तुरी, झारल, नाउर, घोरल, थार, रतुवा, हिमचितुवा गायतका जङ्गली पशुपन्छी र तीनको बासस्थानलाई समेत प्रत्यक्ष अवलोकन गर्न सकिने चिमखोलाका अगुवा गम पुनले बताउनुभयो।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले रुईसे डाँडादेखि धवलागिरि आइसफलसम्मको पदमार्गलाई नयाँ तथा विकास गर्नुपर्ने पर्यटकीय गन्तव्यका रूपमा छनौट गरेको छ। पूर्वाधार र आबश्यक व्यवस्थापकीय अभावले यो पदमार्ग औपचारिक रूपमा अझै सञ्चालनमा आउन सकेको छैन। ससलधारा हुँदै आधार शिविर पुग्ने पदमार्ग निर्माण सुरु गरिए पनि आधार शिविरदेखि कालीबराह हुँदै मुस्ताङको लेते निस्कने परम्परागत गोरेटोबाटो र भगवतीको रुइसेदेखि पछेत्राधुरी, सोबाङधुरी, लोसधुरी, दहबुकी, फेदी, सुगुरथला हुँदै ससलधारा क्षेत्रसम्म पहिचान गरिएको पदमार्गमा समेत सिँढी चिनेर पदमार्गलाई स्तरोन्नति गर्नुपर्ने काम बाँकी छ।

# लमजुङको क्व्होलासोथारमा फागुन १८ गतेदेखि पसगाउँ महोत्सव हुने

**पोखरापत्र संवाददाता**
पोखरा, ४ फागुन

लमजुङको क्व्होलासोथारमा यही फागुन १८ गते देखि १५ औं पसगाउँ महोत्सव हुने भएको छ। ग्रामिण पर्यटन प्रबर्द्धन गरि गाउँको प्रचार प्रसार गर्न उक्त महोत्सव हुने भएको क्व्होलासोथार गाउँपालिकाका अध्यक्ष एवं पसगाउँ सामुहिक होमस्टेका समेत अध्यक्ष सुर्य प्रसाद गुरुङले बताउनु भयो।

ग्रामिण पर्यटनको माध्यमबाट गरिवी न्यूनीकरण गर्ने, स्थानीय भेषभुषा, कला संस्कृतिको संरक्षण एवं सम्बर्द्धन गर्ने, आर्थिक एवं सामाजिक स्तर बृद्धि गर्ने, पसगाउँको थप प्रचार प्रसार गर्ने, स्थानीय उत्पादनको प्रवर्द्धन गर्ने लगायतका उद्धेश्य राखेर उक्त महोत्सव आयोजना गर्न लागिएको अध्यक्ष गुरुङले प्रष्ट पार्नुभयो। देशमा संघियता आएसंगै पसगाउँले सडक संजालको कनेक्टिभिटिबाट विभिन्न क्षेत्रसंग सहज यातायातको पहुच पुगेको उहाँको दाबी छ। गुरुङहरुको बाहुल्यता रहेको पसगाउँमा धेरै ऐतिहासिक, धार्मिक, साँस्कृतिक एव प्राकृतिक सम्पदाहरु रहेका छन। पछिल्लो समयमा पोखरादेखि मनाङ जाने पदमार्ग "रोयल गोर्खा ट्रेक" को मुख्य प्रस्थान विन्दु पनि पसगाउँ बन्न पुगेको अध्यक्ष गुरुङले जनाउनु भयो। यस पदमार्गले कास्कीको पोखरा महानगरपालिका, मादी गाउँपालिका, लमजुङको क्व्होलासोथार गाउँपालिका, मर्स्याङ्दी गाउँपालिका र मनाङको निस्याङ गाउँपालिकालाई समेट्ने काम गर्दछ। "गुरुङ सम्पदा पदमार्ग" ले पसगाउँमा थप पर्यटकीय गतिविधी बढाउनका लागी मद्दत पुगेको उहाँले दाबी गर्नु भयो।



"गुरुङ सम्पदा मार्ग" बाट पसगाउँको पर्यटकीय गतिविधि बढाउन मद्दत पुगेको उहाँको भनाई छ। पछिल्लो समय पसगाउँको क्होने डाडाँ पर्यटकको थप आर्कषणको केन्द्र बनेको छ भने क्कोसे डाडाँबाट सूर्योदय र सूर्यास्त राम्रोसँग देख्न सकिने अध्यक्ष गुरुङले जनाउनु भयो। सो क्षेत्रबाट घलेगाउँ, भुजुङ, घनपोखरा लगायतका धेरै गाउँहरु देख्न सकिन्छ।

करीव १ सय ६३ घरधुरी रहेको पसगाउँमा गुरुङ समुदाय लगायत भुजेल, दलित समुदायहरु पनि रहेका छन। आफ्नो गाउँ ठाँउको प्रचार प्रसार र पर्यटन प्रर्बद्धन गर्न बर्षको एक पटक उक्त महोत्सवका कारण वेलायतमा रहेर पनि नेपाल आउन थालेको तमु धिँ यूकेका ट्रष्टी एकेन्द्र गुरुङले जनाउनु भयो। फागुन १९ गतेसम्म चल्ने उक्त महोत्सवमा आगन्तुक पाहुनालाई उक्त होमस्टेमा सहुलियत दरमा व्यबस्थापन गरिने भएको छ। २१ घरमा सुरु भएको उक्त होमस्टेमा एकै दिनमा १ सय ५० देखि २ सय जना पाहुनालाई ब्यबस्थापन गर्न सकिने होमस्टेले जनाएको छ। पसगाउँमा हालसम्म स्थानिय उत्पादन र केही अर्गानीक खाना पाइने अध्यक्ष गुरुङले जनाउनु भयो। पसगाउँको प्रचार प्रसार गर्न, आर्थिक एवं सामाजिक स्तरलाई माथि उठाउन २०६० बैशाखमा पहिलो पसगाउँ महोत्सव भएको थियो। १५ औं पसगाउँ महोत्सवलाई सभ्य र भव्य रुपमा सफल पार्नको लागी युगदेवी गुरुङको संयोजकत्वमा आर्थिक उपसमिति, गणेश गुरुङको संयोजकत्वमा साँस्कृतिक उपसमिती, मनलाल गुरुङको संयोकत्वमा कलाकार तथा पत्रकार व्यवस्थापन उपसमिती, शर्मिला गुरुङको संयोकत्वमा स्थानीय उत्पादन तथा मौलिक भेषभूषा सामाग्री प्रर्दशनी उपसमिती, गोपाल गुरुङको संयोजत्वमा प्रचार प्रसार तथा जनसम्पर्क उपसमिती, मन बहादुर गुरुङको संयोकत्वमा सुरक्षा व्यवस्थापन लगायतका उपसमिति गठन गरिएको छ। गुरुङहरुको कला संस्कृतिको खानी पसगाउँमा लोपोन्मुख अवस्थामा रहेको गुरुङहरुको कला संस्कृति, परम्परा (भदौ सभा), भाषा, भेषभुषा, संस्कार संस्कृतिहरु अझै पनि जीवित अवस्थामा पाउन सकिने स्थानियले बताउनु भएको छ। घर छाउने ढुङ्गा खानी, ढुङाले छाएको दक्षिण मोहडाको घरहरु, ढुङ्गाले छाएको धुमाउने घरहरु, गुरुङ संग्रहालय, ऐतिहासिक, धार्मिक एवं पर्यटकीय पंक्षहरु (क्होमेदेवी, क्होम्रेडाडाँ, छेदुपुदेवी, भों भो. हाब युमा (शंखे ढुङ्गा) शिल्दुथान, भवानी पुजा, गाउँको विचमा रहेको ठाँटी ढुङ्गा, गुम्बा, प्राकृत्तिक शिव लिङ्ग लगायत वभिन्न आकृतिको, ऐतिहासिक ढुङ्गाहरु), सांस्कृतिक एवं सामाजिक पक्षहरु, राँधी प्रथा, हुरी प्रथा, सामुहिक श्रम प्रथा, आमा समूहको नाचं, युवा क्बलको साँस्कृतिक नाच, सेर्गा नाच, घाँटु नाच, कृष्ण चरित्र नाच, सारङ्गी नाच, झ्याउरे नाच लगायतका बिषय बस्तु पसगाँउमा रहेको अध्यक्ष गुरुङले दाबी गर्नुभयो।

त्यसै गरी भिर मौरी शिकार, आर्गेनिक मह, घिउ, छुर्पी, चिया, अलैची, किवी उत्पादन, स्थानीय उनबाट बनेको राडीपाखी, बख्खु, अल्लोबाट बनेको भाङ्गा, इस्टकोट, झोला, स्थानीय चोयाबाट बनेको डोको, नाम्लो, धुम्सी, पेरुङ्गो, डालो, स्याखु, ढोक्सा, भकारी, चित्रा, स्थानीय जंगलमा न्हास्यला, मलगजा, आसीटडा, गोलकाकी, निरमसी, पाचऔले, कुड्की, सतुवा, बनलसुन, गुर्जी, स्थानीय दारबाट बनेको ठेकी, मदानी, पुङ, पुचै, स्थानीय जंगलमा कुरिलो, तामा, विभिन्न प्रजातिको टिमुर, विभिन्न प्रजातिको टुसा, विभिन्न प्रजातिको निउरो, विभिन्न प्रजातिका जंगली च्याउ पाइने स्थानियले बताउनु भयो।

समुन्द्री सतहबाट करीव १ हजार ६ सय ५० मिटरको उचाईमा लमजुङ जिल्लाको उत्तर-पश्चिममा रहेको सुन्दर ग्रामिण पर्यटकीय गाउँ पसगाउँ क्व्होलासोथार गाउँपालिका वडा नं. ६ मा पर्दछ। बेशीशहर मालिङ साल्मेभन्ज्याङ हुदै पसगाउँ जान सकिन्छ भने बेशीशहर घलेगाउँ भुजुङ हुदै, वेशीशहर मालिङ साल्मेभन्ज्याङ चरागाउँ बगैचा हुदै बेशीशहर भोर्लेटार रामबजार करापु छाप गिलुङ हुदै, र पोखरा रामबजार करापु छाप गिलुङ हुदै, पोखरा, भैसे, थुम्सीकोट, मुग्रीवेसी, बालुवावेसी, वगैचा हुदै र काठमाडौ, दमौली, दुईपिप्ले, र रामबजार, गिलुङ, मपिङ, घाम्राङ हुदै पसगाउँ जान सकिने आयोजकले जनाएको छ।

# घलडाँडामा सामूहिक गहुँखेती

**पोखरापत्र संवाददाता**
दमौली, ४ फागुन

तनहुँको आँबुखैरेनी गाउँपालिका-६ घलडाँडामा १५ वर्षअगाडि व्यावसायिक रूपमा गहुँखेती हुन्थ्यो। उपयुक्त भूगोल भए पनि बीउ र प्रविधिको अभावमा त्यहाँका कृषक गहुँखेतीबाट विस्थापित हुँदै गएका थिए। पछिल्लो समय गाउँपालिकाले पुनः गहुँखेतीको व्यावसायिक विकासका लागि कृषकलाई जागरुक बनाउन थालेको छ।

यसै क्रममा गाउँपालिकाकै प्रेरणाबाट यहाँका कृषक १५ वर्षपछि पुनः गहुँखेती गर्न जुटेका छन्। स्थानीय बटुमाया गुरुङले कृषक समूह गठन गरी सामूहिक गहुँखेती गर्न थालिएको जानकारी दिनुभयो। घलडाँडा कृषक समूहमा आबद्ध भई कृषकले व्यावसायिक रूपमा गहुँखेती सुरु गरेको उहाँले बताउनुभयो। हाल २० रोपनी जग्गामा सामूहिक खेती गरिएको छ। गुरुङले भन्नुभयो, "विगतमा गहुँखेतीका लागि राम्रो बीउ पाउन पनि समस्या हुन्थ्यो। कतैबाट सहयोग नपाएपछि कृषकहरू यसबाट विस्थापित भए तर पछिल्लो समय गाउँपालिकाले प्रोत्साहित गरेको छ। बीउ र प्रविधिमा सहयोग गरेपछि हामी पुनः यसतर्फ आकर्षित भएका छौं।"

स्थानीय गङ्गा गुरुङले पनि गाउँपालिकाको प्रेरणाबाट आफूहरू गहुँखेतीमा लागेको बताउनुभयो। उहाँले प्रविधि र बीउ सहयोग भएपछि सामूहिक गहुँखेती सुरु गरिएको बताउनुभयो। ।" स्थानीय धनबहादुर गुरुङ, लक्ष्मण गुरुङ, डम्बर गुरुङ, मीना गुरुङ, सुष्मा गुरुङलगायतले सामूहिक रूपमा गहुँखेती गरिरहनुभएको हो।

गाउँपालिका कृषि शाखाप्रमुख सन्तोष केसीले यहाँका कृषकहरू उत्साहका साथ गहुँखेती गर्न थालेको जानकारी दिनुभयो। "यो ठाउँ गहुँखेतीका लागि उपयुक्त छ तर विगतमा बीउ र प्रविधिमा पछि पर्दा धेरैले खेती गर्न छाडेका थिए। हाल गाउँपालिकाले बीउ र प्रविधिमा जोडेपछि कृषकहरूले सामूहिक खेती गर्न थाल्नुभएको छ", उहाँले भन्नुभयो। यसलाई निरन्तरता दिन पालिकाले निरन्तर सहयोग गर्ने केसीले बताउनुभयो।

गाउँपालिका अध्यक्ष शुक्र चुमानले यहाँ उत्पादित गहुँ बजारीकरणका लागि गाउँपालिकाले सहयोग गर्ने बताउनुभयो। उहाँले भन्नुभयो, "गाउँपालिकाभित्रका विभिन्न ठाउँमा उत्पादित कृषि सामग्री बिक्री वितरणका लागि पालिकाले हाटबजार नै चलाएको छ। हाटबजारबाट स्थानीय उत्पादन सहज रूपमा बिक्री वितरण भइरहेको छ।" गाउँको बाझो जमिनको उपयोगका लागि सामूहिक खेती प्रणालीको विकास र विस्तरमा आफूहरूले योजना बनाइरहेको अध्यक्ष चुमानले जानकारी दिनुभयो।

# परराष्ट्रमन्त्री डा देउवा र युएइका मन्त्रीबीच भेटवार्ता, पोखरा-दुबई उडानका लागि आग्रह

**रासस**
काठमाडौं, ४ फागुन

परराष्ट्रमन्त्री डा आरजु राणा देउवासँग संयुक्त अरब इमिरेट्स (युएई) का विदेश, अर्थ तथा व्यापार मामिलासम्बन्धी राज्यमन्त्री अहमद अली अल सायेघले आइतबार ओमनको राजधानी मस्कटमा शिष्टाचार भेटवार्ता गर्नुभएको छ।

आठौं हिन्दमहासागरीय सम्मेलनमा सहभागी हुन ओमनको मस्कटमा रहनुभएका उहाँहरुबीच आइतबार साइडलाइन भेट भएको हो। भेटका क्रममा उहाँहरुबीच नेपाल र संयुक्त अरब इमिरेट्सबीचको द्विपक्षीय सम्बन्धका साथै श्रम, पर्यटन तथा आर्थिक विकासका विविध विषय र जलवायु परिवर्तनका कारण परेको प्रभाव न्यूनीकरणका लागि आवश्यक सहकार्यका विषयमा कुराकानी भएको थियो। त्यसअवसरमा मन्त्री डा देउवाले नेपाली जनशक्तिलाई रोजगारी प्रदान गर्दै आएकामा मन्त्री सायेघमार्फत संयुक्त अरब इमिरेट्स सरकारलाई विशेष धन्यवाद ज्ञापन गर्नुभएको उहाँको सचिवालयले जनाएको छ। मन्त्री सायेघले युएइको आर्थिक सामाजिक विकासमा नेपाली जनशक्तिको ठूलो योगदान रहेको भन्दै प्रशंसा गर्नुभएको थियो। उहाँहरुबीच दुई देशबीच पर्यटन, आर्थिक विकास, व्यापारका क्षेत्रमा आगामी दिनमा गर्न सकिने सहकार्य एवं लगानीका बारेमा पनि छलफल भएको थियो।

मन्त्री डा देउवाले पोखरा अन्तर्राष्ट्रिय विमानस्थलमा युएइको दुबईबाट प्रत्यक्ष उडान सुरु गर्न मन्त्री सायेघसँग आग्रह गर्नुभएको पनि उहाँको सचिवालयले जनाएको छ। मन्त्री सायेघले यस विषयमा तत्काले प्राविधिक अध्ययन थाल्ने र उडान सुरु गर्ने योजनाका साथ अघि बढ्ने प्रतिबद्धता व्यक्त गर्नुभएको थियो। मन्त्री डा देउवाले नेपालले क्षेत्रीय र विश्वव्यापी महत्वका गम्भीर मुद्दाहरूमा छलफल गर्न एक विश्वव्यापी संवाद मञ्चका रुपमा आगामी 'मे' मा काठमाडौँमा सगरमाथा संवाद आयोजना गरेको जानकारी गराउँदै जलवायु परिवर्तनबारे केन्द्रित हुने सो संवादमा भाग लिन युएइलाई पनि आमन्त्रण गर्नुभयो।